# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, माघ २८ गते, २०६३ साल (अतिरिक्तांक ६१क +१


## भाग ३

नेपाल सरकार

## शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

### छात्रवृत्ति सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६३

छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छात्रवृत्ति सम्बन्धी ऐन,२०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "छात्रवृत्ति सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को नियम २ मा संशोधनः छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "दुर्गम क्षेत्र" भन्नाले अनुसूची-१क बमोजिमको क्षेत्र सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) को खण्ड (घ), (ङ), (च) र (छ) को सट्टा देहायका खण्ड (घ), (ङ), (च) र (छ) राखिएका छन्:-

"(घ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी) अर्थ मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी) परराष्ट्र मन्त्रालय - सदस्य

(च) प्रमुख, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय - सदस्य

(छ) सह-सचिव, (उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा), शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य-सचिव"

(२) उपनियम (२) झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिका लागि छात्रवृत्ति सुरक्षित गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

स्पष्टीकरण : यस नियमावलीको प्रयोजनको लागि "विपन्न" भन्नाले कुनै व्यक्तिको एकापरिवारको सदस्यको हैसियतले वार्षिक आम्दानी सातहजार छसय पञ्चानब्बे रुपैयाँ पचास पैसा भन्दा कम भएको व्यक्तिलाई जनाउनेछ ।"

५. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (क) मा रहेका "शैक्षिक प्रशासन महाशाखा" भन्ने शब्दहरुको सट्टा "उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम १ को खण्ड (छ) मा रहका" दुई वर्षपछि" भन्ने शव्दहरुको सट्टा" छ महिना पछि"भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "कम्तीमा दुईपटक सङ्केत नम्बर (डबल कोडिङ्ग)" भन्ने शब्दहरुको सट्टा "सङ्केत नम्बर (कोडिङ्ग)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) छात्रवृत्ति छनौट समितिले कम्प्युटर प्रणालीको प्रयोग गरी उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गर्न सक्नेछ ।"

७. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उपनियम (३) झिकिएको छ ।

८. मूल नियमावलीमा नियम १०क. थपः मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छः-

"१०क. छात्रवृत्ति सुरक्षित गरिनेः (१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये चालीस प्रतिशत स्थान विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिका लागि विषयगत रुपमा सुरक्षित गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गराई देहायको प्रतिशतको आधारमा वितरण गरिनेछ :-

(क) विपन्न व्यक्तिको लागि बीस प्रतिशत,

(ख) महिलाको लागि पच्चीस प्रतिशत,

(ग) अपाङ्गको लागि दश प्रतिशत,

स्पष्टीकरण : (१) अपाङ्ग भन्नाले सम्वत २०६२/२०६३ सालमा भएको जन आन्दोलनको क्रममा भएका घाईते वा निजको सन्तती समेतलाई जनाउने छ ।

(२) यस खण्ड बमोजिम छुट्टाईएको दश प्रतिशत मध्ये पाँच प्रतिशत स्थानमा प्रकरण (१) बमोजिमका घाईते वा निजका सन्ततीलाई वितरण गरिने छ ।

(घ) जनजातिको लागि पन्ध्र प्रतिशत,

(ङ.) दलितको लागि पन्ध्र प्रतिशत, र

(च) दुर्गम क्षेत्रका व्यक्तिको लागि पन्ध्र प्रतिशत ।

(२) उपनियम (१) बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछः-

(क) दशमलव भन्दा पछि आएको अङ्क मध्ये सबै भन्दा बढी अङ्क ल्याउनेलाई एक स्थान थप गर्ने,

(ख) दशमलव पछिको अङ्क बराबर भएमा उपनियम (१) बमोजिमको पहिलो क्रमसंख्यांलाई एक स्थान थप गर्ने ।

उदाहरणको लागिः प्रतिशत निर्धारण गर्दा विपन्न व्यक्तिको ५.६ प्रतिशत र महिलाको ५.२ प्रतिशत आएमा विपन्न वर्गको ६ सिट र महिलाको ५ सिट कायम गरिनेछ । विपन्न व्यक्तिको ५.६ प्रतिशत र महिलाको पनि ५.६ प्रतिशत नै आएमा विपन्न व्यक्तिको लागि एक सिट थप गरिनेछ ।

(३) उपनियम (१) वमोजिम सुरक्षित गरिएको स्थान र साधारण समूहको लागि छुट्याईएको स्थानलाई प्रत्येक वर्ष समायोजन गर्न सकिनेछ ।"

(४) कुनै समूहको लागि छुट्टयाइएको स्थानमा सो समूहको आवेदन पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्टयाइएको स्थान स्वतः साधारण समूहमा सर्नेछ र सोही बमोजिम उम्मेदवार छनौट हुनेछ ।

९. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः-

"११. सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेः शिक्षा तथा खेलकुद मन्त्रालयले छात्रवृत्तिको लागि लिइने परीक्षाको निमित्त देहायका कुराहरु खुलाई परीक्षा लिईने मिति भन्दा कम्तीमा पन्ध्र दिन अंगावै नेपालबाट प्रकाशन हुने राष्ट्रियस्तरको कुनै दैनिक पत्रिका मार्फत सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछ :-

(क) परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता,

(ख) विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको संख्या,



8388

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (ख) बमोजिम सुरक्षित गरिएको छात्रवृत्तिको लागि उम्मेद्वारी दिनको लागि दरखास्त साथ पेश गर्नु पर्ने सिफारिस तथा अन्य कागजातहरुको विवरण,

(घ) परीक्षा दस्तुर,

(ङ.) दरखास्त दिने स्थान र ढाँचा,

(च) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु ।"

१०. मूल नियममावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ मा रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिले पचास प्रतिशत अङ्क प्राप्त गरी परीक्षा उत्तीर्ण गरेको भए पनि उम्मेदवार हुन पाउनेछ ।"

११. मूल नियमावलीमा नियम १३क. थपः मूल नियमावलीको नियम १३. पछि देहायको नियम १३क. थपिएको छः-

"१३क. विपन्न, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिले सिफारिस पेश गर्नु पर्ने : (१) नियम १०क. बमोजिम विपन्न, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई सुरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले देहाय बमोजिमका निकायबाट आफू विपन्न, अपाङ्ग, जनजाति र दलित तथा दुर्गम क्षेत्रको व्यक्ति भएको सिफारिस नियम १३ बमोजिम दरखास्त बुझाउने समयमानै पेश गर्नु पर्नेछ :-

(क) विपन्नले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकबाट,

(ख) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

तर जन आन्दोलनको क्रममा भएका घाईते वा निजको सन्ततीको हकमा जन आन्दोलन घाईतेको उपचार निर्देशन तथा व्यवस्थापन समिति वा सो प्रयोजनको लागि नेपाल सरकारले तोकेको निकाय वाट

(ग) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(घ) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ङ) दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँ विकास समितिबाट ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम गाउँ विकास समिति वा नगरपालिकाले विपन्नको सिफारिस गर्दा अनुसूची-१ख बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(३) अपाङ्गले चिकित्शास्त्र वा इन्जिनियरिङ्ग विषय अध्ययन गर्न दरखास्त दिने भएमा उपनियम (१) को खण्ड (ख) बमोजिमको सिफारिसको अतिरिक्त मेडिकल काउन्सील वा इन्जिनियरिङ्ग परिषद्‌बाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस समेत दरखास्त साथ पेश गर्नु पर्नेछ ।"

१२ मूल नियममावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छः-

"१६. योग्यताक्रम प्रकाशन गर्ने: (१) यस नियमावली बमोजिम सञ्चालन गरिएको लिखित परीक्षामा उत्तीर्ण हुनको लागि कम्तीमा साठी प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उत्तीर्ण हुने उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अङ्कमा निजले शैक्षिक योग्यता वापत पाउने अङ्क जोडी सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखी योग्यताक्रमको आधारमा उम्मेदवारहरुको सूची प्रकाशन गरिनेछ ।

(३) उपनियम (२) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा साधारण र सुरक्षित गरिएको छात्रवृत्तिको लागि बेग्लाबेग्लै सूची प्रकाशन गर्नु पर्नेछ ।"

१३. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) शिक्षा तथा खेलकुद मन्त्रालयले छात्रवृत्तिमा नजाने वा ऐन बमोजिम सजाय पाएको व्यक्तिको विवरण अद्यावधिक गराई राख्नेछ ।"

१४. मूल नियमावलीमा नियम २७क.,२७ख. र २७ग. थपः मूल नियमावलीको नियम २७ पछि देहायका नियम २७क.,२७ख. र २७ग. थपिएका छन्:-

"२७क. स्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) लिनु पर्नेः (१) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने नेपाली नागरिकले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको शुल्क संलग्न गरी स्वीकृतिपत्रको लागि अनुसूची-४ बमोजिमको ढाँचामा शिक्षा तथा खेलकुद मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवदेन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिव देखिएमा शिक्षा तथा खेलकुद मन्त्रालयले निवेदकलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्न जानको लागि अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृतिपत्र (नो अब्जेक्शन लेटर) दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान स्वीकृतिपत्र दिन मनासिव नदेखिएमा शिक्षा तथा खेलकुद मन्त्रालयले सोको कारण खुलाई निवेदकलाई जानकारी दिनु पर्नेछ ।

२७ख. विदेशी मुद्राको सटही सुविधा पाउने : (१) नियम २७क. को उपनियम (२) बमोजिम विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान स्वीकृतिपत्र पाएको व्यक्तिले त्यस्तो अध्ययनको लागि विदेशी मुद्राको सटही सुविधा लिन चाहेमा अनुसूची-६ बमोजिमको ढाँचामा शिक्षा तथा खेलकुद मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिव देखिएमा शिक्षा तथा खेलकुद मन्त्रलायले निवेदकलाई विदेशी मुद्राको सटही सुविधाको लागि अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

२७ग. स्वीकृतिपत्र (नो अब्जेक्शन लेटर) दिएकै कारण उपाधिले मान्यता नपाउने : नियम २७क. बमोजिम कुनै व्यक्तिलाई विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न स्वीकृतिपत्र दिएको कारणबाट त्यस्तो संस्थाबाट प्राप्त उपाधिलाई मान्यता दिन वा त्यस्तो उपाधिको स्तर निर्धारण गर्न नेपाल सरकार वा सम्बद्ध निकाय बाध्य हुने छैन ।"

१५. मूल नियमावलीमा अनुसूची थप: मूल नियमावलीको,-

(१) अनुसूची-१ पछि यसैसाथ संलग्न भए बमोजिमका अनुसूची-१क र अनुसूची-१ख थपिएका छन् ।

(२) अनुसूची-३ पछि यसैसाथ संलग्न भए बमोजिमका अनुसूची-४, अनुसूची-५, अनुसूची-६ र अनुसूची-७ थपिएका छन् ।

मुद्रण विभाग, सिंहदरबार



६०९६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१क

(नियम २ को खण्ड (ग१) सँग सम्बन्धित)

दुर्गम क्षेत्र

१. देहायका जिल्लाहरुका सबै गाउँ विकास समितिहरु:-

१. सोलुखुम्बू २. मनाङ ३. मुस्ताङ ४. रुकुम ५. डोल्पा ६ .मुगु ७. हुम्ला ८. जुम्ला ९. कालिकोट १०. जाजरकोट ११. बाजुरा १२. बझाङ १३. दार्चुला

२. देहायका जिल्लाहरुका देहायका गाउँ विकास समितिहरु:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. ताप्लेजुङ | | | | | | |
| | १ | ओलाङचुङगोला | २ | पापुङ | ३ | याम्फुदिन |
| | ४ | लेलेप | ५ | इखावु | ६ | तापेथोक |
| २. संखुवासभा | | | | | | |
| | १ | पावाखोला | २ | हटिया | ३ | चेपुवा |
| | ४ | किमाथान्का | ५ | सिसुवा | ६ | वाला |
| | ७ | मकालु | ८ | वाङतेवा | ९ | याफु |
| | १० | ताम्कू | ११ | पाथिभरा | १२ | नुम |
| | १३ | दिदिङ | | | | |
| ३. दोलखा | १ | विगु | २ | आलम्पु | ३ | गौरीशंकर |
| | ४ | लामाबगर | | | | |
| ४. रसुवा | १ | थुमन | २ | टिमुरे | ३ | लामटाङ |
| | ४ | चिलिमे | ५ | वृदिम | ६ | गतलाङ |
| | ७ | हाकु | ८ | गोलजुङ | | |
| ५. गोरखा | १ | ल्हो | २ | सामागाउ | ३ | प्रोक |
| | ४ | विही | ५ | चुचेत | ६ | छेकम्पार |
| | ७ | सिर्दिवास | ८ | उइया | ९ | केरौजा |
| | १० | काशी गाऊँ | ११ | मान्वु | १२ | लाप्राक |
| | १३ | गुम्दा | १४ | लापु | | |
| ६. रोल्पा | १ | कुरेली | २ | थवाङ | ३ | मिरुल |
| | ४ | राङकोट | ५ | पाछावाङ | ६ | राँक |
| | ७ | पाखापानी | ८ | ओत | ९ | तालावाङ |
| | १० | पाङ | ११ | घर्तिगाउ | १२ | कोर्चावाङ |
| | १३ | राङसी | १४ | जिनावाङ | १५ | इरिवाङ |
| | १६ | धवाङ | | | | |
| ७. अछाम | १ | कालेकाडा | २ | तडिगरा | ३ | पुल्लैटोला |
| | ४ | सुतार | ५ | सान्तडा | ६ | वावला |
| | ७ | भाटाकाटिया | ८ | बाटुलासैन | ९ | वुडाकोट |
| | १० | दुनी | ११ | पातल | १२ | देवीस्थान |
| | १३ | सिधेश्वर | १४ | घुघुरकोट | १५ | ऋषिदह |
| | १६ | कुस्कोट | १७ | ठाटी | १८ | विन्देवासिनी |
| | १९ | वारला | २० | षोडसा | २१ | मष्टमाण्डौ |
| | २२ | नन्देगडा | २३ | नवठाना | २४ | हातिकोट |
| | २५ | खप्तड | | | | |
| ८. सिन्धुपाल्चोक | १ | गुम्बा | २ | फुलपिङकट्टी | ३ | तातोपानी |
| ९. धादिङ | १ | लापा | २ | तिप्लिङ | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१ख.

(नियम १३क. को उपनियम (२) सँग सम्बन्धित)

श्री शिक्षा तथा खेलकुद मन्त्रालय
केशरमहल, काठमाडौं ।

विषय :- विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री ........................ को छोरा/छोरी ........... जिल्ला .................. गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................. मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी.उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, फुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

सिफारिस गर्नेको,-

कार्यालयको छाप :

सही :

नाम:

पद:

कार्यालय:

मिति:

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम २७क. को उपनियम (१) सँग सम्बन्धित)

श्री शिक्षा तथा खेलकुद मन्त्रालय
केशरमहल, काठमाडौं ।

विषय :- विदेशमा उच्च शिक्षा अध्ययन गर्न स्वीकृतिपत्र पाउँ ।

मलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्नको लागि त्यस मन्त्रालयको स्वीकति पत्र (**No Objection Letter**) आवश्यक परेको हुँदा सो वापत लाग्ने शुल्क सहित देहायका विवरणहरु खुलाई निवेदन गरेको छु। विदेशमा उच्च शिक्षा अध्ययन गर्ने स्वीकृतिपत्र पाउँ ।

१. निवेदकको नाम (In English Block Letter) :

२. बाबुको नाम :

३. अध्ययन गर्न जाने देशको नाम (In English Block Letter) :

४. अध्ययन गर्ने संस्थाको नाम र ठेगाना (In English Block Letter) :

५. अध्ययन गर्ने तह (In English Block Letter) :

६. अध्ययन गर्न स्वीकृतिपत्र मागेको विषय (In English Block Letter) :

७. अध्ययन अवधि : (वर्ष/सेमेष्टर/कहिलेदेखि कहिलेसम्म मिति उल्लेख गर्ने)

निवेदकको,-
सही :
नाम, थर:
ठेगाना:
मिति :

संलग्न कागजातहरु :

१. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम फरक भएमा जिल्ला प्रशासन कार्यालयबाट निज एउटै व्यक्ति भएको व्यहोरा प्रमाणित गरिदिएको कागजात पेश गर्नु पर्नेछ)

२. जुन तह अध्ययन गर्न जाने हो सो भन्दा एक तह मुनिको ट्रान्सक्रिप्ट वा प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५

(नियम २७क. को उपनियम (२) संग सम्बन्धित)

**Government of Nepal**
**Ministry of Education and Sports**
**Scholarship Section**

Ref. No.

Keshar Mahal, Kantipath
Kathmandu, Nepal.
Date: ..................

**Subject: No Objection Letter**

This is to certify that Mr./Ms ......................, a Nepali citizen has applied for a no objection letter to study ......................... in ........... university of ........... The Ministry of Education and Sports has no objection if he/she could get an opportunity to continue study at his/her own expenses with a precondition that in no way this affects the number of seats made available by the government of ........... every year to Nepal.

This letter is being issued upon his/her request to enable him/her just to apply.

............................
Section Officer

मुद्रण विभाग, सिंहदरबार



९०६६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(नियम २७ख. को उपनियम (१) सँग सम्बन्धित)

श्री शिक्षा तथा खेलकुद मन्त्रालय
केशरमहल, काठमाडौं ।

विषय :- विदेशी मुद्रा सटहीको लागि सिफारिस पाउँ ।

मलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्न जानको लागि विदेशी मुद्रा सटही गर्न आवश्यक भएकोले देहायका विवरणहरु खुलाई विदेशी मुद्रा सटहीको सिफारिस पाउनको लागि निवेदन गरेको छु ।

१. निवेदकको नाम (In English Block Letter) :

२. बाबुको नाम :

३. अध्ययन गर्न जाने देशको नाम (In English Block Letter) :

४. अध्ययन गर्ने संस्थाको नाम (In English Block Letter) :

५. अध्ययन गर्न स्वीकृतिपत्र पाएको विषय (In English Block Letter) :

६. अध्ययन अवधि : (वर्ष/सेमेष्टर/कहिलेदेखि कहिलेसम्म मिति उल्लेख गर्ने)

७. भिषाको म्याद कायम रहने अवधि :

८. आवश्यक पर्ने विदेशी मुद्रा (मुद्राको किसिम र रकम उल्लेख गर्ने) :

निवेदकको,-
सही :
नाम,थर :
ठेगाना :
मिति :

संलग्न कागजातहरु

१. स्वीकृतिपत्र (No Objection Letter) को प्रतिलिपि ।
२. अंग्रेजी भाषामा लेखिएको Name of the course, Course duration and Yearly expenses खुलेको Conformation Letter वा i- 20 को प्रमाणित प्रतिलिपि ।
३. भिषा वा भिषा सम्बन्धी शर्त सहितको पत्र (भिषा अगाडि के प्रयोजनको लागि कति रकम पठाउनु पर्ने हो सो कुरा र भिषा नलागे रकम फिर्ता हुने कुरा स्पष्ट खुलेको पत्र) वा भिषासंग सम्बन्धित निकायबाट प्राप्त पत्रको प्रमाणित प्रतिलिपि ।
४. पासपोर्टको प्रमाणित प्रतिलिपि ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-७

(नियम २७ख. को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

प.सं.: मिति:

च.नं.:

श्री नेपाल राष्ट्र बैंक
विदेशी मुद्रा विनिमय विभाग
वालुवाटार काठमाडौं ।

विषय : विदेशी मुद्रा सटहीको लागि सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री ..................................का छोरा/छोरी ...........जिल्ला........... गा.वि.स./ न.पा/ उ.म.न.पा/म.न.पा........................ वडा नं. ................ बस्ने श्री/सुश्री/श्रीमती...................ले विदेशी मुद्रा सटहीको सुविधाको सिफारिस पाउन निवेदन दिनु भएकोमा निजले ......... मुलुक स्थित ......... शैक्षिक संस्थामा ......... विषयमा................ तहको उच्च शिक्षा अध्ययन गर्न जानको लागि यस मन्त्रालयबाट स्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) प्राप्त गरिसक्नु भएको तथा निजले........... निकायबाट ......... अवधिको भिषा समेत प्राप्त गरिसकेको हुँदा दोहोरो नपर्ने गरी निजलाई नियमानुसार विदेशी मुद्राको सटहीको सुविधा उपलब्ध गराइ दिनु हुन छात्रवृत्ति सम्बन्धी नियमवाली, २०६० को नियम २७ख. को उपनियम (२) बमोजिम सिफारिस गरिएको छ ।

....................
शाखा अधिकृत

वोधार्थः

श्री राष्ट्रिय योजना आयोगको सचिवालय,
जनशक्ति तथा रोजगारी शाखा ।

श्री ......... (निवेदकको नाम) ।

आज्ञाले,
बालानन्द पौडेल
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.द.द.नं. १६।०६३।६३

३०१३९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार